नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(.............................................शाखा)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर

## विद्यार्थीहरुको सिकाइ निरन्तरताको लागि अपिल

गत वर्ष देखि देश कोभिड १९ को महामारीबाट आक्रान्त भएको छ । यस विषम परिस्थितिमा पनि बालबालिकाको सिकाइलाई निरन्तर रुपमा सञ्चालन गरी शैक्षिक क्षति कम गर्नका लागि स्थानीय तहको अगुवाइमा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक एवं नागरिक समाजबाट भएको प्रशंसनीय योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछौ । यस बीचमा शिक्षक महासँघ लगायतका केही सँघसँस्था स्थानीय तह र विद्यालयका शिक्षकहरुले आआफ्नै पहलमा विभिन्न वैकल्पिक पद्दतिका माध्यमबाट शिक्षण सिकाइमा नया आयाम समेत सञ्चालन भएका छन ।गत शैक्षिक सत्र नियमित समयावधिका अतिरिक्त दुई महिना थप भइ २०७८ जेठमसान्तमा सम्पन्न भएको छ ।

शिक्षा नियमावली नवौ संसोधन २०७७ का आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/११/ ०५ को निर्णय बमोजिम २०७८ असार १ गतेबाट विद्यालयका नयाँ शैक्षिक सत्र शुरु भइ सञ्चालन भइरहेका छन । नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७७/५/१९ को निर्णयानुसार विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ ले बालबालिकासँग सम्बन्धित स्रोत साधनको पहुँचको अवस्थाका आधारमा बालबालिकालाई देहाय बमोजिम ५ पाँच समूहमा वर्गीकरण गरी सोही अनुरुपको सहयोग प्रणालीको प्रवन्ध मिलाएको छ ।

क सबै किसीमको प्रविधिको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह

ख रेडियो एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह

ग टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह

घ कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटी नभएका विद्यार्थी समूह

ङ इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह

हालसम्म पनि कोभिड नियन्त्रणमा नआइसकेको र तेस्रो लहरको सम्भावना समेत विज्ञहरुबाट सार्वजनिक हुदै आएको विद्यमान अवस्थामा विद्यार्थीहरुको सिकाइलाइ निरन्तरता दिनु अपरिहार्य भएको छ ।तसर्थ उल्लेखित वर्गीकरण अनुसार विद्यार्थीको अवस्था पहिचान गरी सिकाइ निरन्तरता व्यवस्था मिलाई विद्यार्थीको पढन पाउने हकको सुनिश्चितताको लागि सम्पूर्ण अभिभावक शिक्षक विद्यालय एवं स्थानीय तहहरुमा हार्दिक अपिल गर्दछौ साथै सिकाइ निरन्तरताका लागि स्थानीय तहको नेतृत्वमा विद्यालयका प्रधानाध्यापक शिक्षक कर्मचारी अभिभावक लगायत सबै पक्ष परिचालित भइ सहयोग पुर्याउन पनि हार्दिक अपिल गर्दछौ ।

शिक्षाक्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी सँघसँस्थाहरुले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित स्थानीय तहमा सम्पर्क गरी विद्यार्थीहरुको सिकाइ निरन्तरताका लागि सहयोग पुर्याउन अपिल गर्दछौ ।

.........................................
बैकुण्ठ प्रसाद अर्याल
महा-निर्देशक